**सेवकको अधिकार**

सेवकाईमा एक अगुवाको रूपमा, एक अगुवा भएकोले गर्दा नै तपाईंलाई अधिकार दिइएको छ।
तर परमेश्वरको राज्यमा, त्यो अधिकार संसारको भन्दा धेरै भिन्न छ।
संसारमा, अधिकार तपाईंको शक्ति र अरूमाथिको तपाईंले गर्नुहुने नियन्त्रणमा आधारित हुन्छ।
कहिलेकहीं अरू मानिसहरू तपाईंसँग डराएकोले त्यो अधिकार तपाईंसित हुन्छ, जसले गर्दा तपाईं उनीहरूलाई देश दिन सक्नुहुन्छ। येशूले आफ्ना चेलाहरूलाई उनीहरूसँग हुने अधिकारको बारेमा तालिम दिँदै हुनुहुन्थ्यो, जुन अधिकार उनीहरूले बुझेका प्राचीन संसारमा रहेको अधिकार भन्दा बिल्कुलै फरक थियो। त्यो हामीले बुझेका हाम्रो समाजको अधिकार भन्दा पनि फरक छ। यहाँ **२ पत्रुस १:३** को एउटा पद छ र यसले यसो भन्छ, "उहाँको महिमा र श्रेष्ठताद्वारा हामीलाई बोलाउनुहुनेले उहाँको ज्ञानद्वारा जीवन र भक्तिका निम्ति हामीलाई चाहिने प्रत्येक थोक दिनुभएको छ।" बाइबलले भन्छ, तपाईंले ईश्वरीय शक्ति प्राप्त गर्नुहुनेछ।
तपाईंसँग अधिकार हुनेछ। तर त्यो अधिकार के हो भनेर तपाईंले कसरी बुझ्नुहुनेछ र त्यस अनुसार जसरी जिउनुहुन्छ त्यो येशूले दिनुभएको नमुना हुनुपर्छ, जसले अगुवाको रूपमा आफ्नो राज्यमा अधिकार कसरी प्रयोग गरिन्छ भनेर देखाउनुभएको छ। अनि उहाँले हामीलाई **यूहन्ना १३** अध्यायमा त्यो नमुना दिनुहुन्छ। उहाँले आफ्ना चेलाहरूलाई एकसाथ भेला गर्नुहुन्छ। उहाँको मृत्यु, पुनरुत्थान र स्वर्गारोहणको समय नजिकिँदैथ्यो। त्यसैले उहाँले तिनीहरूलाई आफ्नो अगुवाको काम पूरा गर्न र समाजको तरिकाभन्दा विपरीत ढंगले जिउने तालिम दिइरहनुभएको थियो। उहाँले तिनीहरूलाई एकसाथ भेला गर्नुहुन्छ र तिनीहरूलाई अधिकारको बारेमा धेरै महत्त्वपूर्ण तरिकाले शिक्षा दिनुहुन्छ। अब तिनीहरू यो माथिल्लो कोठामा आउँदा सामान्यतया त्यहाँ ढोकामा खुट्टाहरू धोइदिने दास हुने गर्थ्यो। तिनीहरूले जुत्ता लगाउँथे। बाटोमा फोहोर हुन्थे र त्यसैले तिनीहरूका खुट्टाहरू फोहोर हुन्थे। जब तिनीहरू एकसाथ खाना बस्दा ढल्केर बस्न पर्थ्यो। भोजन खाने टेबल होंचो हुन्थ्यो। धेरै पटक त्यसरी ढल्केर बस्दा तपाईंको खुट्टा देखिन्थ्यो। अब खुट्टा फोहोर हुन्थे र त्यहाँ बसेर खानु पनि दिकमिक लाग्थ्यो। तर तिनीहरू त्यो कोठामा आउँदा तिनीहरूका खुट्टाहरू धोइदिने कुनै सेवक त्यहाँ थिएन।
अनि तिनीहरूले चाहिँ परमेश्वरको राज्यमा सबैभन्दा ठूलो को हुनेछ भनी बहस गर्दैथिए, जुन अधिकारको विषयमा गलत विचार हो। येशूले तिनीहरूका कुरा सुन्नुहुन्छ।
उहाँले तिनीहरूलाई दण्ड दिनुहुन्न। उहाँले तिनीहरूका विचार सच्याउनुहुन्न।
उहाँले एउटा काम गर्नुहुन्छ।
उहाँले सेवकले ओढ्ने वस्त्र पहिरिनुहुन्छ। त्यो पहिचान धारण गर्नुहुन्छ। उहाँले एउटा भाँडो उठाउनुहुन्छ र एक–एक जना चेलाका खुट्टाहरू धुनुहुन्छ। उहाँले जे गरिरहनुभएको थियो त्यो एउटा सेवाको काम मात्र होइन।
उहाँले तिनीहरूलाई परमेश्वरको राज्यमा हुने अधिकार र शक्तिको बारेमा सिकाउँदै हुनुहुन्थ्यो, जुन समाजभन्दा फरक छ। म तपाईंलाई **यूहन्ना १३:३** पद पढेर सुनाउँछु। त्यहाँ के भयो भन्ने कुरा छ। "येशूलाई पिताले सबै थोक उहाँका हातमा दिनुभएको छ, र उहाँ परमेश्वरको तर्फबाट आउनुभएको हो र परमेश्वरकहाँ नै जाँदैहुनुहुन्छ भनी थाहा थियो।" येशूलाई उहाँसँग भएको शक्ति र अधिकारको पहिचानको बारेमा स्पष्ट रूपमा थाहा थियो। उहाँ यो कुरा थाहा भएकोले र त्यसमा ढुक्क हुनुभएकोले उहाँले जे गर्नुहुन्थ्यो त्यो गर्न सक्षम हुनुहुन्थ्यो। **पद ४**, "अनि उहाँ भोजनबाट उठ्नुभयो, र बाहिरी वस्त्र एकतिर राखी एउटा तौलिया आफ्नो कम्मरमा बेह्नुभयो।" त्यो एक सेवकको पहिचान थियो, एक दासको रूप, जुन उहाँले धारण गर्नुभएको थियो। **पद ५**, "तब उहाँले बाटामा पानी खन्याउनुभयो, र चेलाहरूका गोड़ा धुन लाग्नुभयो, र आफूले बेहेको तौलियाले तिनीहरूका गोड़ा पुछ्न लाग्नुभयो। जब उहाँ सिमोन पत्रुसकहाँ आउनुभयो, तिनले उहाँलाई भने, "प्रभु, के तपाईंले मेरो गोड़ा धुने?" येशूले तिनलाई जवाफ दिनुभयो, "म के गर्दैछु, तिमी अहिले जान्दैनौ, तर पछि बुझ्नेछौ।" उहाँले तिनीहरूलाई जे सिकाइरहनुभएको छ त्यो पूर्ण रूपले नयाँ छ, र तिनीहरूले त्यो पूर्ण रूपमा बुझ्नेछैनन् भनी उहाँले जान्नुहुन्थ्यो। अनि पत्रुसले उहाँलाई जवाफ भने, "तपाईंले मेरो गोड़ा कहिल्यै धुनुहुनेछैन।" येशूले तिनलाई जवाफ दिनुभयो, "मैले धोइदिइनँ भने ता मसित तिम्रो केही हिस्सा हुनेछैन।" सिमोन पत्रुसले उहाँलाई भने, "हे प्रभु, मेरा गोड़ा मात्र होइन, तर मेरा हात र शिरसमेत धोइदिनुहोस्।" अनि येशूले तिनलाई भन्नुभयो, "नुहाइसकेको मानिसलाई गोड़ाबाहेक अरू केही धुनुपर्दैन, त्यो सम्पूर्ण शुद्ध छ। अनि तिमीहरू शुद्ध छौ, तर सबै त होइन।" किनकि उहाँलाई विश्वासघात गर्नेलाई उहाँले चिन्नुभएको थियो।" यसैकारण उहाँले तिमीहरू सबै शुद्ध छैनौ भन्नुभएको थियो। **पद १२**, "तिनीहरूका गोड़ा धोइसकेपछि आफ्नो बाहिरी वस्त्र लाएर उहाँ फेरि बस्नुभयो। तब उहाँले तिनीहरूलाई भन्नुभयो के तिमीहरू जान्दछौ, मैले तिमीहरूका निम्ति के गरेँ? तिमीहरू मलाई गुरु र प्रभु भन्दछौ, त्यो तिमीहरू ठिकै भन्दछौ, किनकि म उही हुँ। यदि तिमीहरूका गुरु र प्रभु भईकन मैले तिमीहरूका गोड़ा धोएको छु भने तिमीहरूले पनि एकअर्काको गोड़ा धुनुपर्छ।" त्यसैले उहाँले आफूलाई एक प्रशिक्षकको स्थानमा राख्नुभयो। यो तालिम दिने एक तरिका हो। यो एक कार्यशाला हो, अधिकार बुझ्नका लागि एउटा सेमिनार हो। "मैले तिमीहरूलाई एउटा उदाहरण दिएको छु, जसो मैले

तिमीहरूका लागि गरेँ, तिमीहरूले पनि त्यसै गर। साँच्चै म तिमीहरूलाई भन्दछु, नोकर आफ्नो मालिकभन्दा ठूलो हुँदैन, अनि खबर लाने खबर पठाउनेभन्दा ठूलो हुँदैन। अब तिमीहरूलाई यी कुराहरू जान्यौ र ती गर्‍यौ भने, तिमीहरू धन्य हुनेछौ।"
यदि तपाई कुनै कार्य कसरी गर्ने भनेर सिक्दै हुनुहुन्छ भने, त्यसका दुई पक्षहरू छन्। तपाईंले सिद्धान्तहरू बुझ्नुपर्छ र त्यसपछि त्यो कसरी अभ्यास गर्ने भनेर बुझ्नुपर्छ। यदि तपाई कुनै बाजा (गितार) बजाउन सिक्न चाहनुहुन्छ भने, तपाईंले संगीतका नियमहरू बुझ्नुपर्छ, त्यसपछि गितार बजाउने अभ्यास गर्नुपर्छ। एक अर्थमा, येशूले यहाँ त्यसै गर्दै हुनुहुन्थ्यो। हामी सेवकको अधिकारमा कसरी हिँड्नु (जिउनु) पर्छ भन्ने कुराको उहाँले सिद्धान्त र अभ्यास दुवै दिँदैहुनुहुन्थ्यो। पहिलो, सिद्धान्तहरू। यस खण्डबाट प्राप्त हुने केही सिद्धान्तहरू यहाँ छन्। पहिलो, तपाईंले आफ्नो परमेश्वरको कथामा जिउनुपर्छ। पद ३ मा उहाँले के भन्नुहुन्छ हेर्नुहोस्। "येशूलाई पिताले सबै थोक उहाँका हातमा दिनुभएको छ, र उहाँ परमेश्वरको तर्फबाट आउनुभएको हो, र परमेश्वरकहाँ जाँदैहुनुहुन्छ भन्ने कुरा थाहा थियो।" येशूलाई परमेश्वरमा उहाँको पहिचान के हो भनी थाहा थियो र त्यस कुराले उहाँलाई जे गर्न आवश्यक छ त्यो गर्ने निश्चयता दियो, किनकि उहाँलाई परमेश्वरबाट अधिकार दिइएको छ भनी उहाँले जान्नुहुन्थ्यो। तपाईंले आफ्नो पवित्र कथामा बाँच्नुपर्छ जहाँ तपाईंले परमेश्वरबाट आफ्नो पहिचान जान्नुहुन्छ। तपाई चलाखी र नियन्त्रण गर्ने कोसिस गर्नुहुनेछ। जब तपाईंलाई अधिकार, बोलावट र पहिचान दिनुहुने परमेश्वर नै हुनुहुन्छ भनी थाहा हुन्छ, तब म जे गर्छु त्यो गर्दै जिउन सक्छु।
सेवकको अधिकार तपाईंको पहिचान र ख्रीष्टमा तपाईंको कथा जानेर सुरु हुन्छ।
येशूले हामीलाई दिनुहुने अनुग्रह हामीमा मात्र रहनका लागि होइन, तर त्यो हामीद्वारा अरूमा जानका लागि हो भन्ने सिद्धान्त पनि सिकाउनुहुन्छ। **यूहन्ना १३:१२** हेर्नुहोस्। उहाँले भन्नुभयो, "के तिमीहरू जान्दछौ, मैले तिमीहरूका निम्ति के गरेँ?" उहाँले सोध्नुभयो।
"के तिमीहरूले बुझ्यौ?"
येशूले बारम्बार यस्तो शिक्षा दिनुभयो।
उहाँले हामीलाई सेवकको अधिकारमा हिँड्ने शक्ति दिनुहुन्छ, किनकि उहाँले आफ्नो मृत्यु र पुनरुत्थानद्वारा हामीलाई अनुग्रह दिनुभएको छ र त्यसले हामीलाई त्यसमा हिँड्न सक्ने हुन त्यो शक्ति दिन्छ। पत्रुसले येशूको विरोध गर्छन्, "होइन, म तपाईंले त्यसो गर्नुहोस् भन्ने चाहन्नँ।" पत्रुस पहिले येशूसँग भएको कुरा प्राप्त गर्न चाहँदैनन् र येशू भन्नुहुन्छ, "होइन, तिमीले यो गर्नुपर्छ। तिमी यस तरिकाले जिउन सक्नुपर्छ।"
मलाई लाग्छ कि यो हाम्रो लागि एउटा महत्त्वपूर्ण सिद्धान्त हो। जब हामी ख्रीष्टले हाम्रा लागि के गर्नुभएको छ भन्ने थाहा पाउँछौँ, त्यसका निम्ति कृतज्ञ र नम्र बन्छौँ, तब यसले तपाईंलाई यो स्थितिमा पुर्‍याउँछ कि मानिसहरूले तपाईंको बारेमा जे सोचे पनि त्यसले केही फरक पार्दैन।

मानिसहरू तपाईंले गर्नुभएको काम देखेर छक्क पर्छन् वा त्यसलाई घृणा गर्छन् वा त्यसबाट अलमल्लमा पर्छन्, तापनि त्यसद्वारा तपाईंलाई कुनै फरक पर्दैन।
ख्रीष्टले मेरो लागि जे गर्नुभएको छ त्यसको कारणले म सेवकको अधिकारमा हिँड्न (जिउन) सक्छु। येशूले भन्नुभएको कुराबाट तेस्रो सिद्धान्त निस्कन्छ, जहाँ उहाँले यसो भन्नुभएको छ, "जसो मैले तिमीहरूका निम्ति गरेँ तिमीहरूले पनि अरूका लागि त्यसै गर्नुपर्छ।" **यूहन्ना १३:१४** मा उहाँ के भन्नुहुन्छ हेर्नुहोस्। उहाँ भन्नुहुन्छ, "यदि तिमीहरूका प्रभु र गुरु भईकन मैले तिमीहरूका गोड़ा धोएको छु भने तिमीहरूले पनि एकअर्काको गोड़ा धुनुपर्छ।" यहाँ येशूले के भनिरहनुभएको छ? जब हामी मानिसहरूलाई सुसमाचार सुनाउँछौं, हामी शब्दहरू प्रयोग गर्छौं, तर हामीले कार्यहरू पनि प्रयोग गर्नुपर्दछ। यो भनेको के हो भने हामी मानिसहरूलाई येशूतिर डोर्‍याइरहेका मात्र हुँदैनौँ, हामी येशूका निम्ति मानिसहरूको सेवा गरिरहेका हुन्छौं, किनकि धेरै मानिसहरू जसले ख्रीष्टलाई चिन्दैनन् र सुसमाचार जान्दैनन्, तिनीहरूले सुसमाचार सुन्नु मात्र होइन तर अनुभव गर्नु आवश्यक हुन्छ।

येशूले तिनीहरूको खुट्टा धुनुहुँदा सुरुमा जानाजानी केही पनि बोल्नुभएन। उहाँले तिनीहरूलाई एउटा यस्तो तस्वीर दिइरहनुभएको थियो जसले तिनीहरूलाई चकित पार्नेथियो, यो तिनीहरूका निम्ति विश्वास नै गर्न नसकिने कुरा हुनेथियो।
कहिलेकहीं हाम्रा मानिसहरू, जो मुक्ति नपाएका मानिसहरूका छिमेकी छन्, तिनीहरूले आफ्ना छिमेकीहरूलाई कस्तो कुराको अनुभव गराउन सक्छन्? तपाई आफ्नो छिमेकीलाई कस्तो अनुभव गराउन सक्नुहुन्छ जसले तिनीहरूलाई चकित पार्नेछ, तिनीहरूलाई छक्क पार्नेछ र तिनीहरूले सुसमाचार सुनिरहेका मात्र हुँदैनन्, सुसमाचारको अनुभव गर्दछन्।
यस अभ्यासमा, एउटा अधिकारमा कसरी हिँड्ने र सेवा गर्ने भन्ने कार्यशालामा येशूले हामीलाई सिकाउनुभएको चौथो सिद्धान्त चाहिँ हामी परमेश्वरको राज्यको बाटोमा परमेश्वरको आशिषलाई अँगाल्न सक्ने हुनुपर्छ भन्ने हो। धेरै पटक जब हामी अधिकारीको सेवा गर्ने बारे सोच्दछौं, तब हामीसँग अधुरो विचार हुन्छ, हामी सोच्छौं, "म यहाँ सबैको सेवा गर्न आएको

हुँ र मलाई जे अह्राइन्छ त्यो म गर्नेछु, किनकि म एक सेवक हुँ," तर हामी वास्तवमा "अधिकार" शब्दको बारेमा सोच्दैनौं।

यदि तपाईंले यो खण्डको **पद १७** लाई हेर्नुभयो भने येशूले यो कुरा स्पष्ट भन्नुभएको छ, "यदि तिमीहरूले यी कुरा जान्यौ र ती गर्‍यौ भने, तिमीहरू धन्य हुनेछौ।"

येशूले भनिरहनुभएको छ, "अधिकारीको सेवा गर्नु त्यागको कुरा मात्र होइन, यो वास्तवमा आशिषको कुरा पनि हो।" तपाईंले आनन्द, विश्वास र शान्ति पाउनुहुनेछ।

तपाईंले फलदायी कुरा पत्ता लगाउनुहुनेछ कि उहाँको दृष्टिकोण सामान्य ज्ञानको विपरीत, संस्कृतिको विपरीत छ, अधिकारप्रतिको त्यो दृष्टिकोणले वास्तवमा तपाईंको निम्ति उत्तम दिन ल्याउनेछ।

जब तपाईं संसारको तरिकाले आफूलाई अधिकारको स्थानमा राख्न खोज्नुहुन्छ, तब त्यहाँ निराशा, डर, चिन्ता, र कहिलेकहीं संघर्ष हुनेछ। तपाईंसँग अधिकार हुन सक्छ, किनकि संसारको तरिकाले केही मात्रमा काम गर्दछ, तर जब तपाईं आफूलाई प्रभुको तरिकाले अधिकारको स्थानमा राख्नुहुन्छ, यदि तपाईंले यसो गर्नुभयो भने तपाईं धन्यको हुनुहुनेछ। यदि तपाईंले यसो गर्नुभयो भने तपाईं आशिष् पाउनुहुनेछ। तपाईंले यसलाई परमेश्वरको राज्यको तरिकाले अंगाल्नु पर्छ। यसको एक उत्कृष्ट उदाहरण छ, किनकि **यूहन्ना १३** अध्यायभन्दा अघि खुट्टा धोइएको अर्को घटना छ। यो घटनामा येशूले चेलाहरूको खुट्टा धुनुभएको छैन, तर यो सुसमाचारका पुस्तकहरूमा पहिलो पटक खुट्टा धोइएको घटना यही हो, र यो घटनामा मरियमले येशूको खुट्टा धोएकी छिन्। जब मरियमले येशूको खुट्टा धुन्छिन्, येशूले भने जस्तै तिनले असल काम गरिरहेकी थिइन्।

येशूले यूहन्ना १२ मा साँच्चै यसो भन्नुहुन्छ, "तिनले मेरो लागि केही असल कार्य गरेकी छ।"

मरियमले त्यो कुरा बुझिन्। सेवकको अधिकारले खुट्टा धुन्छ, यो येशूका निम्ति गरिएको सेवा हो।

जब तपाईं एक सेवकको रूपमा आफ्नो अधिकार यो नमुना अनुसार प्रयोग गर्नुहुन्छ, र यो ख्रीष्टमा तपाईंको पहिचान हो भनी जान्नुहुन्छ, इमानदारीपूर्वक भन्नुपर्दा एक प्रकारले यो तपाईंको जीवनमा आशिष् ल्याउने तरिका हो।

तर एक अर्थमा, तपाईंले जुनै व्यक्तिको खुट्टा धुनुभए पनि त्यो तपाईंले येशूको खुट्टा धुनुभएको हो।

त्यसबाट अर्को पाँचौं सिद्धान्त पनि उत्पन्न हुन्छ, र त्यो यही हो कि तपाईं परमेश्वरको राज्यमा आफ्नो स्थान के हो सो बुझ्नुहुन्छ। येशूले कुनै पनि सेवक उसको मालिक भन्दा ठूलो हुँदैन भनी स्पष्ट भन्नुभयो। यदि ब्रह्माण्डका सृष्टिकर्ता प्रभु, परमेश्वरका पुत्रले परमेश्वरको राज्यमा अधिकार यस्तो हुन्छ भन्नुभयो भने, हामी भन्छौं, "ठीक छ, म त्यो अधिकार स्थानमा पाइला टेक्नेछु जुन परमेश्वरले मलाई दिनुभएको छ।" अधिकार हुनुको अर्थ तपाईंले निर्णयहरू लिनुहुन्छ भन्ने हो। अधिकार हुनुको अर्थ तपाईंले निर्देशन दिनुहुन्छ भन्ने हो। अधिकार हुनुको अर्थ यो हो कि मानिसहरूले तपाईंलाई हेर्नेछन्, तर तपाईं यो बुझेर आफूलाई त्यो स्थानमा राख्नुहुन्छ, "मेरो काम अरूप्रति सेवकको व्यवहार देखाउँदै त्यो अधिकार प्रकट गर्नु हो।" व्यावहारिक रूपमा त्यो अधिकार कस्तो देखिन्छ? अब तपाईं सिद्धान्तबाट येशूले नमुना देखाउनुभएको कार्यतिर बढ्नुहुन्छ। येशूका तीन विशेष कार्यहरू थिए, जसले हामीलाई सेवक अधिकारमा कसरी जिउने (हिंड्ने) भनी सिकाउँछन्। पहिलो, उहाँले सेवकको तौलिया आफ्नो कम्मरमा बेह्रनुहुन्छ। येशूले सेवकको पहिचान अंगाल्नुहुन्छ। **फिलिप्पी २** अध्यायमा एउटा भजन उद्धृत गरिएको छ जहाँ येशूले आफ्ना सारा महिमा पन्साएर सबैको सेवक बन्नुभएको बारेमा बताइएको छ।

येशूले सिकाउँदै हुनुहुन्छ, "तिमीहरू यसको नक्कल गर्न सक्दैनौ।"

यो केवल एउटा काम होइन, तर यदि तपाईं परमेश्वरले तपाईंलाई दिनुभएको अधिकारमा हिंड्न लाग्नुभएको भने तपाईंले अरू मानिसहरूको सेवकको रूपमा बोक्नुहुने एउटा पहिचान छ भन्ने कुरा थाहा पाउनुपर्छ। जब तपाईं आफूलाई तिनीहरूको सेवकको स्थानमा राख्नुहुन्छ, तब तिनीहरूले तपाईंलाई भरोसा गर्छन्। तिनीहरूले तपाईंको कुरा सुन्छन्। तिनीहरूले तपाईंलाई पछ्याउँछन्।" उहाँले पहिलो काम स्वरूप सेवकको खास्टो पहिरिनुहुन्छ, र भन्नुहुन्छ, "म यही हुँ।"

उहाँले हामीलाई उहाँको पछि लाग्न बोलाउनुहुन्छ र भन्नुहुन्छ, "हो, परमेश्वरको राज्यमा म एक सेवक हुँ।"

त्यही कुराले नै मलाई अधिकार दिन्छ। त्यसपछि उहाँले तिनीहरूका खुट्टाहरू धुनुहुन्छ।

वास्तवमा त्यहाँ सेवकले गर्ने एउटा कार्य छ। यो केवल शब्दहरू मात्र होइनन्। उहाँले तिनीहरूलाई सेवा गर्ने विषयमा भाषण मात्र दिनुहुन्न। उहाँले तिनीहरूको आवश्यकताको आधारमा एक उद्देश्यपूर्ण तरिका फेला पार्नुहुन्छ। तिनीहरूको परिस्थिति "हाम्रा खुट्टाहरू फोहोर छन्" भन्ने किसिमको थियो। उहाँले भन्नुभयो, "म त्यो समाधन गर्नेछु, र म वास्तवमा यसलाई व्यवहारमा उतार्नेछु।" अब रोकिनुहोस् र सोच्नुहोस् कि उहाँले कसको खुट्टाहरू धुनुभयो।

उहाँले पत्रुसको खुट्टा धुनुभयो।

पत्रुसले सधैं उहाँको विरुद्धमा बहस गर्थे। पत्रुससँग सधैं येशूको भन्दा राम्रो विचार हुन्थ्यो। के तपाईंको सेवकाईमा कोही यस्तो व्यक्ति छ जो सधैं तपाईं विरुद्धमा बोल्छ, सधैं झगड़ा उत्पन्न गर्दछ, जोसँग सधैं अरूको भन्दा राम्रो विचार हुन्छ, जसले तपाईंको काम गर्ने तरिका कहिल्यै मन पराउँदैन?

बाटा (भाँडो) उठाउनुहोस् र तिनीहरूका खुट्टाहरू धुनुहोस्।

येशूले यो शक्तिशाली कुरा भन्नुभएको छ, कि त्यस्ता मानिसहरूसँग बहस गर्नुको साटो मैले यस्तो अधिकारसाथ सेवा गर्नुपर्छ जसको प्रभावले तिनीहरूका जीवन परिवर्तन होस्।

पत्रुस आफ्नो जीवनभर मण्डलीका सबैभन्दा महान् सेवकहरू र नम्र अगुवाहरूमध्ये एक बने। येशूले अरू क–कसका खुट्टाहरू धुनुभयो। याकूब र यूहन्ना, तिनीहरू दाजुभाइहरू थिए, जो सधैं कसरी राम्रो हैसियत प्राप्त गर्न सकिएला भनी सोचिरहन्थे। तिनीहरूले त अझ बढी प्रभाव प्राप्त गर्न आफ्नी आमालाई येशूसँग कुरा गर्न पनि लगाएका थिए। तिनीहरू सधैं उहाँको दाहिने र देब्रेपट्टि हुन चाहन्थे। तिनीहरू कसरी पदोन्नति पाउन सकिन्छ भन्ने कुरामा रुचि राख्थे। के तपाईंको सेवकाईमा त्यस्तो कुनै व्यक्ति छ?

तिनीहरू साँच्चै तपाईंका लागि सेवकाईमा हुँदैनन्। तिनीहरूले आफ्नो पदोन्नतिका लागि कुनै न कुनै तरिकाले सेवकाईलाई आफ्नै फाइदाका लागि प्रयोग गरिरहेका हुन्छन्। तिनीहरू आफू ४० वर्ष पुग्दानपुग्दा यस्ता व्यक्ति चाहन्छन् जसले उनीहरूको सेवा गरेवापत् उन्नति गराउँछ, तिनीहरूका परिपक्वता र विकास भनेको त्यही हो।

येशूले याकूब र यूहन्नाका खुट्टाहरू धुनुभयो।

येशूले यहूदाका खुट्टाहरू धुनुभयो।

के तपाईंको सेवकाईमा कोही यस्तो व्यक्ति छ जसले तपाईंलाई धोका दिइरहेको छ, तपाईंको विरुद्धमा बोलिरहेको छ, तपाईंको बारेमा निन्दाचर्चा गरिरहेको छ?

त्यस्ताहरूबाट अलग हुने समय र स्थान आउन सक्छ। हो, यो कुरा सत्य हो।

तर सेवकको अधिकार प्रयोग गर्ने व्यक्तिका निम्ति यस्तो समय र ठाउँ पनि हुन सक्छ जुन बेला तपाईं भन्नुहुन्छ, "म तपाईंका खुट्टाहरू धुनेछु। मेरो अधिकार र तपाईंमाथिको मेरो प्रभाव येशू र परमेश्वरको राज्यद्वारा पर्नेछ।"

यो पाठ चेलाहरूका लागि किन यति चुनौतिपूर्ण थियो भनेर तपाईं बुझ्न सक्नुहुन्छ। यो मेरो निम्ति पनि चुनौतिपूर्ण छ। म आशा गर्छु, यो तपाईंका लागि पनि चुनौतिपूर्ण छ, किनकि ममा भएका सबै कुरा, जब मेरो साथमा कोही यस्तो व्यक्ति हुन्छ जसले मेरो विरुद्धमा कुरा गरिरहेको हुन्छ, जो घमण्डी हुन्छ र केवल ठूलो हुन खोज्छ, त्यो व्यक्ति जसले वास्तवमा मलाई धोका दिइरहेको हुन्छ, त्यस बेला ममा भएका सबै कुरा सांसारिक अधिकारको तरिकामा फर्कन खोज्छ।

येशू भन्नुहुन्छ, "मेरो कुरामा विश्वास गर्नुहोस्।

तपाईं मालिक भन्दा ठूलो हुनुहुन्न।"

उहाँले सेवकको वस्त्र लगाउनुहुन्छ, जुन एउटा पहिचान हो। उहाँले वास्तवमा चेलाहरूका खुट्टा अति विशेष, व्यावहारिक, कार्य रूपमा धुनुहुन्छ, ताकि परमेश्वरले तिनीहरूलाई परिवर्तन गर्न आत्माद्वारा काम गर्नुभएको देख्न सकियोस्। त्यस घटनाको अन्त्यमा, वचनले भन्छ, "उहाँ फेरि आफ्नो स्थानमा बस्नुभयो।"

यदि तपाईंले यो खण्ड ध्यान लाएर पढ्नु भएन भने यो कुरा छुटाउन सक्नुहुन्छ।

येशू खुट्टा धुने ठाउँमा नै बस्नुभएन।

उहाँ फेरि आफ्नो स्थानमा बस्नुभयो।

यो यस्तो लाग्छ, त्यो क्षण उहाँले सेवकको अधिकारको बारेमा शिक्षा दिँदै हुनुहुन्थ्यो। उहाँ सेवक बन्न छाड्नुभएन, तर उहाँ फेरि आफ्नो स्थानमा बस्नुभयो। प्रायः परमेश्वरको राज्यमा सेवकको अधिकारलाई गलत बुझिन्छ। हामी म सेवक बन्नुपर्छ, र हामी कहिल्यै पनि परमेश्वरले हामीलाई दिनुभएको त्यो स्थानमा फेरि बस्न सक्दैनौं भने जस्तो गर्छौं

जब तपाईंले मानिसहरूको खुट्टा धुनुपर्छ (साँच्चै धुनुपर्छ भन्ने होइन), र सेवकको जस्तो व्यवहार गर्ने कुरा बीचको सन्तुलनलाई बुझ्नुहुन्छ, त्यस बेला मैले परमेश्वरले मलाई दिनुभएको स्थान फेरि प्राप्त गर्नुपर्छ भनेर बुझ्नु पनि आवश्यक हुन्छ, यी दुई कुराले घनिष्ठ रूपमा एकअर्कासँग मिलेर काम गर्दछ, अनि मानिसहरूले तपाईंको अधिकारलाई प्रेमद्वारा परिभाषित गर्न थाल्छन्।

तिनीहरूले त्यस्तो व्यक्ति देख्छन् जोसँग शक्ति, पहिचान र ठूलो अधिकार हुन्छ, तपाईंले वास्तवमा तिनीहरूलाई प्रेम र वास्ता गर्न सक्नुहुन्छ। यो सेवकको अधिकारको एक महत्त्वपूर्ण भाग हो। सेवकको अधिकार भनेको तपाईंको स्थान (पद) बाट छुटकारा पाउनु होइन जहाँ बसेर तपाईंलाई निर्णयहरू लिनु र मानिसहरूलाई निर्देशन दिनुपर्ने हुन्छ। येशू फेरि आफ्नो स्थानमा बस्नुभयो। सेवकको अधिकारको कुरा गर्दा हामीले यी तीन कार्यहरू गर्नु पर्याप्त हुन्छ। हामी सबैसँग हाम्रो सेवकाईमा पत्रुस, याकूब, यूहन्ना र यहूदा हुन्छन्, र हामीले तिनीहरूलाई प्रभाव पार्नुपर्छ, तिनीहरूलाई हुर्काउनुपर्छ र हामी यो काम संसारले दिने अधिकारद्वारा होइन तर परमेश्वरले दिनुहुने अधिकारद्वारा गर्छौं।

हामीले विशेष प्रकारले प्रेम गर्दै, निर्देशन दिँदै र वास्ता देखाउँदै, तैपनि संस्था र सेवकाईमा हामीलाई दिइएको अधिकारको स्थानमा फेरि बस्दै हाम्रो आफ्नो सेवकको पहिचान अंगाल्नुपर्छ।

म तपाईंलाई एउटा इमानदार प्रश्न गर्न चाहन्छु।

तपाईंले अधिकारसहित कसको खुट्टा धुनु आवश्यक छ?

के तपाईंको संसारमा, तपाईंको सेवकाईमा कुनै यस्तो व्यक्ति छ र येशूले जस्तै तपाईंले उहाँको नमुना पछयाउँदै एउटा भाँडो उठाएर भन्नुपर्छ, "म कुन त्यस्तो कार्य गर्न सक्छु जसले तिनीहरूको सेवा गर्छ?"
तर अधिकारको स्थानबाट तिनीहरूको सेवा गर्दा, यसले तिनीहरूलाई धेरै प्रभाव पार्नेछ र तिनीहरू सेवक बन्नेछन्, किनकि पत्रुस, याकूब र यूहन्ना अरूको सेवक बन्ने बित्तिकै, तिनीहरूले आफ्नै बारेमा मात्र सोच्न छाड़े।
**यूहन्ना १३** अध्याय पढ़नु र अध्ययन गर्नुहोस्। यो त्यहाँ आराधना गर्ने खण्डको रूपमा छैन। यो त्यहाँ एक कार्यशाला, तालीम सेमिनारको रूपमा छ। तपाईं सेवकाईका एक अगुवाको रूपमा परमेश्वरको राज्यमा यसरी नै अधिकारमा हिँड्नुहुन्छ, जुन अधिकार यस संसारको भन्दा बिल्कुलै फरक छ, अनि जब तपाईं येशूको नमुना पछयाउन थाल्नुहुन्छ, तब तपाईं परमेश्वरका आत्माले तपाईंद्वारा काम गर्नुभएको र अरू अगुवाहरू खड़ा गर्नुभएको र मानिसहरूमा प्रभाव पार्नुभएको थाहा पाउनुहुनेछ, किनकि तपाईं परमेश्वरको राज्यद्वारा परिभाषित अधिकार प्रयोग गरिरहनुभएको हुन्छ।